म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१४ अङ्कः- ६८ २०७९ माघ १२ गते बिहीबार 26 January 2023, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

## आमाले थिचेर शिशुको मृत्यु

हेटौंडाः सिन्धुली जिल्लाको दुधौली नगरपालिका-१४, पिपलडाँडा कालिखोलामा २ महिनाकी शिशुको आमाले नै थिचिदिएर मृत्यु भएको छ। २४ वर्षीया करिना सुनुवारले आफ्नी २ महिनाकी छोरीलाई मंगलबार दिनको ४ बजेर ४५ मिनेटको समयमा दुध खुवाउने क्रममा निदाउँदा शिशुलाई थिचेकी थिइन्। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएअनुसार २ महिनाकी छोरी यज्ञ कुमारी सुनुवारलाई दुध खुवाउँदै सुताउने क्रममा यज्ञ कुमारी नै अचानक निदाई बच्चीलाई थिचेकी थिइन् । घटनाको विषयमा वडाअध्यक्षले जानकारी दिएपछि प्रहरी टोली घटनास्थल पुगी आवश्यक मुचुल्काको कार्य गरी शिशुको शव परिवारलाई नै जिम्मा लगाएर फर्किएको छ।

# बागमती प्रदेश सरकारले पायो पूर्णता



प्रदेश प्रमुखबाट सपथ ग्रहण गर्दै नवनियुक्त मन्त्रीहरु ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले पूर्णता पाएको छ। बुधबार थप ८ मन्त्रीहरु नियुक्त भएसँगै प्रदेश सरकारले पूर्णता पाएको हो ।

नवनियुक्त मन्त्रीहरुले बुधबार सपथ लिएर पदभार ग्रहणसमेत गरेका छन् । प्रदेशमा ११ वटा मन्त्रालयको टुंगो लागेसँगै मन्त्रीहरुले बुधबार सपथ लिएका हुन् । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले आठ जना मन्त्री नियुक्त गर्नुभएपश्चात् प्रदेश प्रमुख यादवचन्द्र शर्माले सपथग्रहण गराउनुभएको हो। प्रदेश प्रमुख शर्माले नेकपा एमालेबाट मन्त्री नियुक्त हुनुभएका ३ जना, माओवादीबाट नियुक्त हुनुभएका ३ जना र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट नियुक्त २ जना मन्त्रीलाई सपथग्रहण गराउनुभएको हो ।

नेकपा एमालेको तर्फबाट मकवानपुर निर्वाचन क्षेत्र १(२) बाट निर्वाचित प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ श्रम, रोजगार तथा यातायात मन्त्री नियुक्त हुनुभएको छ । एमालेबाटै ललितपुर २(१) बाट निर्वाचित रामेश्वर श्रेष्ठ स्वास्थमन्त्री र काठमाडौं ९(२) बाट निर्वाचित केशब पोखरेल कृषि तथा पशुपक्षी विकासमन्त्री नियुक्त हुनुभएको छ ।

यस्तै, नेकपा माओवादी केन्द्रका सिन्धुपाल्चोक २(१) बाट निर्वाचित युवराज दुलाल भौतिक पूर्वाधारमन्त्री र सिन्धुली २(२) बाट निर्वाचित गंगानारायण श्रेष्ठ आन्तरिक मामिला तथा कानुनमन्त्री नियुक्त हुनुभएको छ । माओवादीकै मकवानपुर निर्वाचन २(१) बाट निर्वाचित कुमारी मोक्तान सामाजिक विकासमन्त्रीमा नियुक्त हुनुभएको छ । मोक्तानले पुनः बागमती प्रदेशका सामाजिक विकास मन्त्रीको जिम्मेवारी पाउनुभएको हो ।

राप्रपाका धादिङ २ (२) बाट निर्वाचित डम्बर तामाङ पर्यटन, उद्योग तथा सहकारीमन्त्री नियुक्त हुनुभएको छ भने सोही पार्टीका काठमाडौं २ (२) बाट निर्वाचित राजु विष्ट वन तथा वातावरण मन्त्रीमा नियुक्त हुनुभएको छ ।

यसअघि माओवादी केन्द्रको बागमती प्रदेशसभा संसदीय दलका नेता शालिकराम जमकट्टेलले मुख्यमन्त्री, नेकपा एमालेको बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले आर्थिक मामिलामन्त्रीको रुपमा सपथग्रहण गरि सक्नुभएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीको बागमती प्रदेश संसदीय दलका नेता रहनुभएका उद्धब थापा बिना विभागीय मन्त्री नियुक्त हुनुभएर सपथग्रहण गरिसक्नुभएको थियो । मन्त्री थापालाई अहिले खानेपानी, ऊर्जा तथा सिंचाईमन्त्रीको जिम्मेवारी दिइएको छ ।

बागमती प्रदेशमा ११ मन्त्रालयमा भागबण्डा गर्दा माओवादी केन्द्रलाई मुख्यमन्त्रीसहित भौतिक पूर्वाधार मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सामाजिक विकास मन्त्रालय परेको थियो। नेकपा एमालेलाई आर्थिक मामिला तथा योजना मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, स्वाथ्य मन्त्रालय र कृषि तथा पशुपक्षी विकास मन्त्रालय भागमा परेको थियो । यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीलाई खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय र वन तथा वातावरण मन्त्रालय भागमा परेको थियो ।

# आज श्रीपञ्चमी, सरस्वती पूजा गरिँदै

समाज संवाददाता

हेटौंडाः प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन पर्ने श्रीपञ्चमी पर्व आज बिहीबार मनाइँदैछ। देशभर शिक्षण संस्था तथा सरस्वती मन्दिरहरुमा विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी श्रीपञ्चमी पर्व मनाउने गरिन्छ ।

वसन्त पञ्चमीका नामले समेत चिनिने श्रीपञ्चमीका दिन देवी सरस्वतीको पूजा आराधना गर्नाले विद्या, बुद्धि बढ्ने विश्वास रहँदै आएको छ । यस दिन सरस्वती मन्दिरहरुमा पूजा आराधना गर्न श्रद्धालुको भीड लाग्ने गर्दछ । सरस्वती पूजा विशेषगरी शैक्षिक संस्थामा विद्यार्थीले महत्वका साथ मनाउने गर्दछन् ।

'सरस्वती मया दृष्टा वीणा पुस्तक धारिणी, हंस वाहन संयुक्ता विद्यादानं करोतु मे ।' भन्ने मन्त्र बाचन गरेर सरस्वतीको पूजा आराधना गर्ने गरिन्छ। पौराणिक ग्रन्थमा उल्लेख भएअनुसार विद्याकी देवी सरस्वतीलाई भारती, हंसवाहिनी, शारदा, सरस्वती, जगन्माता, कौमारी, बागीश्वरी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, भुवनेश्वरी र चन्द्रघण्टा गरी १२ वटा नामले पुकारिन्छ । संस्कार, सभ्यता र संस्कृतिकी प्रेरक सरस्वतीको जन्मदिनका रुपमा श्रीपञ्चमीलाई लिइन्छ ।

पौराणिक धर्मग्रन्थमा भगवान् श्रीकृष्णले सरस्वतीसित खुशी भएर श्रीपञ्चमीका दिन तिम्रो आराधना गरिनेछ भनी वरदान दिएको उल्लेख छ। सेतो वस्त्रले सजिएकी सरस्वती सधैँ मुस्कुराइरहने र प्रत्येक मानव जातिलाई मुस्कुराउन प्रेरित गर्ने जनविश्वास छ ।

विद्यालय जाने उमेर भएका बालबालिकालाई श्रीपञ्चमीकै दिनदेखि अक्षरारम्भ गराउने चलन छ । यस दिन लेखपढ गर्न सिकाए राम्रो विद्या आउने धार्मिक विश्वास पाइन्छ । विद्या र सिर्जनाकी देवी भएकाले विशेषगरी विद्यार्थी, शिक्षक, गायक, संगीतकार, साहित्यकार, कलाकार, पत्रकार आदिले आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्दछन् ।

श्रीपञ्चमीका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने विश्वास छ। यस दिन जुनसुकै नयाँ कार्यको थालनी गर्दा शुभ हुने मान्यता पनि पाइन्छ । यस दिन बालबालिकाको नाक-कान छेडिदिने कार्य पनि गरिन्छ ।

सरस्वती पूजाको दिनलाई राष्ट्रिय पुस्तक दिवस घोषणा गर्न राष्ट्रिय पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघले माग गर्दै आएको छ। महासंघले आफ्नै पहलमा यस दिन विभिन्न कार्यक्रम गरी राष्ट्रिय पुस्तक दिवस मनाउँदै आएको छ । विसं २०७० सालदेखि सरस्वती पूजाको दिनलाई राष्ट्रिय पुस्तक दिवस घोषणा गर्न महासंघले सरकारसँग माग गर्दै आएको छ ।


## हार्दिक बधाई



नेकपा एमाले मकवानपुरका **अध्यक्ष एकालाल श्रेष्ठ** २०७९ मंसिर ४ गते सम्पन्न निर्वाचनमा मकवानपुर जिल्ला निर्वाचन क्षेत्र नम्बर १ को (२) बाट प्रदेश सभा सदस्य पदमा निर्वाचित हुनु भई बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्री नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**मनोज पोखरेल**
अध्यक्ष

**उमेर पुरी**
सचिव

**एवम् नेपाल प्रगतिशील प्राध्यापक संगठन हेटौंडा क्याम्पस इकाई परिवार**

**हेटौंडा-४, मकवानपुर**


# महोत्सवबाट समृद्ध र आत्मनिर्भर प्रदेशः मुख्यमन्त्री

समाज संवाददाता

हेटौंडाः व्यापार महोत्सवले समृद्ध र आत्मनिर्भर बागमती प्रदेश बनाउन सहयोग पुग्ने बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले बताउनु भएको छ। बागमती प्रदेशको राजधानी हेटौंडामा बुधबारबाट सुरु भएको १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री जमकट्टेलले यस्तो बताउनुभएको हो ।

मुख्यमन्त्री जमकट्टेलले प्रदेश सरकार र मकवानपुर उद्योग वाणिज्य संघको लक्ष्य र उद्देश्य एउटै रहेकाले सहयोग र सहकार्य गरी अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो । उद्यमी, व्यवसायीहरु केही गर्ने हुटहुटीमा रहिरहेको अवस्थामा कोरोना महामारीले २ वर्ष व्यवसाय ठप्प बनाएको उहाँको भनाई छ। उहाँका अनुसार अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायदेखि प्रदेश सरकारहरुका कारण उद्यमी व्यवसायी सन्तुष्ट छैनन् ।

उद्यमी, व्यवसायीहरुको मनमुटाव, गुनासा र बैंकसँग देखिएका दरारलाई सम्बोधन गर्न संघीय सरकार अघि बढिसकेको दावी उहाँले गर्नुभयो । तर, सुधारउन्मुख र समाधानका लागि छलफल अघि बढेपनि नीतिगत निर्णयमा भने समय लाग्ने गरेको मुख्यमन्त्री जमकट्टेलले जानकारी दिनुभयो। आर्थिक गतिविधिका हिसाबले उद्योग व्यवसाय महत्वपूर्ण रहेको जानकारी गराउनुहुँदै उहाँले लत्ताकपडा, मल, बिउमा समस्या समाधान गर्न सकिने औंल्याउनुभयो ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले व्यापार महोत्सवमा काठमाडौंदेखि जुम्लामा उत्पादन भएका मार्सी चामल र स्थानीय स्तरमा उत्पादन भएका खाद्यवस्तु प्रदर्शनीमा राखिएको जानकारी दिनुभयो । स्थानीय प्रतिभालाई स्थान दिने उद्देश्यले हेटौंडा आइडल, सौन्दर्य प्रतियोगिता गराइने जानकारी अग्रवालले दिनुभयो । उहाँका अनुसार उद्यमीहरुलाई सम्मान र प्रोत्साहनस्वरुप निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम पनि महोत्सवमा व्यवस्था गरिएको छ ।

हेटौंडा-१० का वडाध्यक्ष फुर्वादोर्जे लामाले औद्योगिक व्यापार महोत्सव मकवानपुरबासीको रहेको बताउनुभयो । संघका अध्यक्ष गुप्ताको सभाध्यक्ष तथा मुख्यमन्त्री जमकट्टेलको प्रमुख आतिथ्यमा महोत्सव उद्घाटन भएको हो। मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा हेटौंडा-१०, टीसीएन चौरमा सुरु भएको महोत्सवको पहिलो दिन अवलोकन गर्न आउने सर्वसाधारण उल्लेख्य थिएनन् ।

महोत्सवमा ३ सय ३७ वटा स्टल रहेका छन् । होटल ३०, अटोजोन १०, विशेष र २ वटा डुम रहेका छन् । महोत्वसबाट करिब ३० करोडको आर्थिक कारोबार गर्ने लक्ष्य राखिएको छ। महोत्सव आगामी माघ २३ गतेसम्म सञ्चालन हुनेछ ।




# सम्पादकीय

## अध्ययनमा मन जाओस्

आज माघ शुक्ल पञ्चमी अर्थात् श्रीपञ्चमी । प्रत्येक वर्ष झैं आज विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरी देशभर श्रीपञ्चमी मनाइँदैछ । श्रीपञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या र बुद्धि बढ्ने विश्वास रहेको छ । विद्या आर्जन, साधना र कला क्षेत्रमा लागेकाहरुले यो पर्वलाई महत्वका साथ मनाउने गर्दछन् । ब्राह्मी, श्री, शारदा, विद्यादायिनी नामले चिनिने सरस्वतीको आराधनाले विद्या प्राप्ति हुने र बोलीमा प्रभाव बढ्ने विश्वास रहेको छ । यस दिन विद्यार्थीहरु बिहान सबेरै स्नान गरी भगवती सरस्वतीसहित पुस्तक, कलम, कापीलगायत पाठ्यसामग्रीको पूजा गर्ने गर्दछन् । श्रीपञ्चमीको अवसर पारेर विद्यालय तथा क्याम्पसमा विभिन्न कार्यक्रम हुने गर्दछन् । यस दिन विशेषगरी बालबालिकालाई अक्षरारम्भ वा विद्यारम्भ गर्ने प्रचलन पनि बढ्दै गएको ।

विद्या र सिर्जनाकी देवी भएकाले विशेषगरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थीले आआफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्रलाई सरस्वतीका रुपमा पूजा-आराधना गर्दछन् । यहि विश्वासका कारण पनि देशभरका शैक्षिक संस्था तथा सरस्वती मन्दिरमा पूजा आराधना गर्न श्रद्धालुको भीड लाग्ने गर्दछ । सरस्वतीलाई चढाइएको सात गेडा अक्षता दाँतले नछोइ निलेमा विद्या र बुद्धि स्फूरण भई विद्यादेवीबाट चेतनाको ज्योति पाइने धार्मिक विश्वास छ । यस दिन लेखपढ गर्न सिकाए र लगेको विद्या आउने जनविश्वास रहेकै कारण विद्यालय नपठाइएका साना बालबालिकालाई श्रीपञ्चमीकै दिनदेखि अक्षरारम्भ गराउने चलन व्यापक बनिरहेको छ । पछिल्ला वर्षहरुमा मन्टेश्वरीलगायत अधिकांश निजी तथा केही सामुदायिक विद्यालयहरुले यसै दिन अक्षरारम्भ गराउने क्रम बढिर हेको छ । सरस्वती पूजाको दिन अक्षरारम्भ गराउनु स्वभाविक भए पनि सबैजसो शिक्षण संस्थाले यस्तो कार्य गर्दा अस्वस्थ प्रतिस्पर्धा हुने र अभिभावकहरु प्रभावमा पर्ने सम्भावना बढेको छ ।

श्रीपञ्चमी वा सरस्वती पूजा वसन्त ऋतुको आगमनसँगै मनाइने पर्व भएकाले यसलाई वसन्त पञ्चमी पनि भन्ने गरिन्छ । यसैले यस दिन प्रातकालमा वसन्त श्रवण गर्ने परम्परा पनि पाइन्छ । धार्मिक मान्यताअनुसार सबै ज्ञानका साधक सरस्वतीका उपासक हुन् । सरस्वतीको कृपाबिना ज्ञानका चक्षु खुल्नु असम्भव मानिन्छ । आद्यशक्ति भगवतीका कर्मअनुसार भिन्नभिन्न रुप हुने धर्मशास्त्रहरुमा उल्लेख छ । संहार गर्न महाकाली, पालन गर्न महालक्ष्मी र ज्ञानको दीप बाल्न महासरस्वतीको स्वरुप प्रकट भएको धार्मिक विश्वास छ । विद्याकी देवी सरस्वतीको महिमा अपरम्पार छ । ज्ञानको दिव्यज्योति प्रज्वलित गराई संसारको सागरबाट पार लगाउने आद्यशक्ति सरस्वती हुन् । समस्त कला जगतकी प्रतिमूर्ति, ज्ञानकी खानी सरस्वतीलाई विद्याकी देवी मानिन्छ । विद्याकी अधिष्ठात्री देवी सरस्वतीको उपासना गर्ने विशेष दिनका रुपमा पनि यो दिन प्रसिद्ध छ ।

विद्याकी देवी सरस्वतीको विशेष प्रिय दिन वसन्त पञ्चमीलाई सबै क्षेत्रमा भव्यरुपमा मनाइने गरिने भए पनि तराई क्षेत्रमा अझ व्यापकरुपमा मनाउने गरिन्छ । जसले विद्या वा कलाको साधना गर्छ, उसैलाई सरस्वतीको वरदान प्राप्त हुने विश्वास गरिन्छ । यसकारण परिश्रम र मेहनत नै सरस्वतीको अर्को नाम हो भनेर बुझ्नु आवश्यक छ । सरस्वतीको वास्तविक पूजा, आराधना गर्नु भनेको विद्याको चिन्तन, अध्ययन, मनन र अभ्यास गर्नु हो भन्ने सम्पूर्ण विद्यार्थी तथा साधकले बुझ्नु आवश्यक छ । सरस्वतीको मन्दिर तथा मूर्तिमा पूजा गर्दा मनलाई पवित्र बनाई अध्ययनतर्फ रुचि जगाउन प्रेरित गर्दछ । यसकारण आज श्रीपञ्चमीका दिन गरिने सरस्वतीको पूजा आराधनाले सम्पूर्ण विद्यार्थी तथा साधकको मनलाई शुद्ध बनाएर अध्ययन तथा साधनामा मन जाओस्, शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : कर्तव्य र स्वास्थ्यका बारेमा विचार पुऱ्याउनु पर्ला । |
| वृष | : धार्मिक र सामाजिक काममा सरिक भइने छ । |
| मिथुन | : कल्पनाशील र भावुक बनिने समयको योग छ । |
| कर्कट | : परोपकारजन्य र सामाजिक काममा सरिक । |
| सिंह | : प्राविधिक र सीपमूलक क्षेत्रमा आकर्षण बढ्ला । |
| कन्या | : धार्मिक र परोपकारजन्य काममा सरिक । |
| तुला | : परोपकारजन्य काममा सरिक भइने समय छ । |
| वृश्चिक | : धार्मिक र सामाजिक काममा सरिक भइने समय छ । |
| धनु | : घमण्ड र अहंकारबाट टाढा रहनु राम्रो होला । |
| मकर | : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ । |
| कुम्भ | : अध्ययन-अध्यापन मध्यमकारक रहने समय छ । |
| मीन | : सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । |

# यस्तो दुखद् अन्त्य कहिलेसम्म ?



बिक्रम खतिवडा

भिख मागेर ल्याएको चामल जस्तै भो जिन्दगी पनि । खिर पकाउँ भने दुध छैन, भात पकाउँ भने सब्जी छैन । बेच्न जाउँ त भने किलो पुग्दैन । भैगो फालौं न त भने चार गाउँ डुलेर दुखसँग मागेको । हो यस्तै हालत छ हाम्रो समाजमा भर्खरै स्थापित हुँदै गरेको युवा व्यवसायीको पनि । त्यसैको उदाहरण हुन् युवा व्यवसायी प्रेमप्रसाद आचार्य ।

धेरै संघर्षपछि जसोतसो सुरु गरेको व्यवसायमा पनि समाजमा स्थापित ठूला भनाउँदा उद्योगी व्यापारीहरुबाट हुने थिचो-मिचो, बैंक तथा वित्तीय संस्थाहरुले नयाँ व्यवसायीमाथि गर्ने रवैया एवम् साना व्यवसायी माथि राज्यले गर्ने व्यवहारले गर्दा पनि यो समाजमा अरु थुप्रै प्रेम आचार्य झैं आफैंलाई आगो लगाएर अन्त्य गर्ने अवस्था देखिन्छ । हाम्रो समाजमा भन्ने गरिन्छ रुँदै गरेको पुरुष सृष्टिको सबै भन्दा दुर्लभ दृश्य हो । तर बिडम्बना भन्नु पर्छ आज नेपाली समाजमा यस्तो दुर्लभ कारुणिक दृश्य सहजै देख्न र सुन्न पाइन्छ।

यो अवस्थामा कस्ले आएर उसलाई ढाडस दिँदै भनिदेला, हेर बाबु तिमी पनि रुन मिल्छ रोउ रुँदा तिम्रो मन हलुका हुन्छ भने । तिम्रो साथमा हामी छौं, न राज्यले भन्न सक्छ, न त घर परिवार र समाजले नै साथ दिन सक्छ । यदि त्यति मात्रै भन्ने हो भने पनि उसको पीडा पक्कै आधा हुने थियो । भनिन्छ नि जिन्दगीमा पीडा लुकाउने छाति र हाँसो र आँसु बाँड्न मिल्ने साथी मात्र भए पनि जिन्दगी जिन्दगी जस्तै लाग्छ भनेर ।

तीन तहको सरकार बनायौं । व्यवस्था बदल्यौं । खै त अव्यवस्था बदलिएको ? सामन्ती समाजको विरुद्ध हिजो लडेका हामी आज झनै खराब सामन्त समाजको निर्माण त गर्दै छौंनौ ? गम्भीर भएर सोच्ने बेला आएको छ । होइन भने स्वदेशमै केहि गर्छु भनेर विदेशी भूमिमा रगत पसिना बगाई जोगाएर जोडेको जमिन धितोमा राखेर बैंकसँग ऋण मान्दा समेत लगानीयोग्य रकम छैन भन्ने बैंक तथा वित्तीय संस्था तर तिनकै नियामक निकाय नेपाल राष्ट्र बैंककै तथ्यांक अनुसार तिनै बैंक तथा वित्तीय संस्थाले गरेको कुल लगानीको झण्डै ७० प्रतिशत हिस्सा चाहि २०-५० जना सीमित व्यापारी तथा व्यावसायिक समूह माथि मात्रै लगानी गरिराख्ने हो भने हाम्रो देशको अर्थतन्त्र तिनै सीमित व्यक्तिकै मुठ्ठी भित्रै रहने छ । आम नेपाली जनता सधैं तिनैको उपभोक्ता भैराख्नुको विकल्प छैन । नहुनु पनि किन बैंक तथा वित्तीय संस्था पनि तिनै सीमित व्यक्तिको हातमा छ ।

व्यवसायी, उद्योगी एकै छन् । राज्यबाट पाउने विभिन्न आर्थिक छुट एवम् सुविधा उपयोग गर्नमा पनि तिनै सीमित व्यक्ति तथा समूह नै अग्रस्थानमा हुने गर्छन् । बैंक आफै संचालन गर्ने व्यवसाय पनि गर्ने, सँगै बीमा क्षेत्र पनि तिनैको भैराख्ने हो भने आम नेपाली जनता तिनैको उपभोक्ता सिवाय केहि हुन्न । हिन्दीमा एउटा उखान छ, 'न बाप न भैया, सबसे बढा रुपैया !' यिनका लागि पनि त्यस्तै हो फगत नाफा भन्दा सिवाय केहि देख्दैन तिनका आँखाले । त्यसैले हाम्रो अर्थतन्त्रका उडुस यिनको समयमा नै पहिचान नगर्ने हो भने धेरै प्रेमहरु कसैले आफैलाई चोक-चोकमा आगो लगाउलान्, कसैले बन्दकोठा भित्रै आफैलाई खतम गर्लान् ।

जिवनको माया गर्ने कोहि विदेश पलायन होलान् । अनि त हाम्रो समाज झन् कस्तो बन्ला ? कल्पना समेत गर्न सकिन्न । घर, परिवार, समाज, राष्ट्रलाई माया गर्ने सयौं सचेत युवा गहभरी आँशु बोकी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओठ टोक्दै भित्र छिर्दै गरेको कारुणिक दृष्य कहिलेसम्म हेर्नु भोग्नु पर्ने हो । यि र यस्ता घटनाको जिम्मेवार को बन्ला ? कहिले होला यस्ता दिनको अन्त्य ?

यदि समयमा नै यी कुरालाई मनन् गरी देशभित्र हुने बस्तु तथा सेवाको प्राथमिकता पहिचान गरी गाउँगाउँमा साना तथा लघुउद्यम सुरु गरी लगानीको विविधीकरण गर्न सकिएन भने आगामी दिन निकै कहालिलाग्दो देखिन्छ । हुन पनि सामान्य दाँत कोट्याउने सिन्कादेखि भान्सामा भाँडा माझ्न प्रयोग हुने जाली समेत वार्षिक करोडौंको आयात गर्ने हामी के ति सामान्य वस्तु स्थानीय स्रोत र साधन प्रयोग गरी उत्पादन गर्नै नसकिने हो त राज्यले प्राथमिकता पहिचान गरी साना तथा लघुउद्यमीलाई प्रोत्साहित गर्ने हो भने लगानी समेत विविधीकरण भई स्थानीयस्तरमा रोजगारी समेत सृजना हुनुका साथै आयात प्रतिस्थापनमा समेत राम्रै भूमिका खेल्ने देखिन्छ । जस्का लागि स्थानीय, प्रदेश र संघीय सरकारको अहम् भूमिका रहन्छ । होइन भने तपाई हाम्रो समाजमा धेरै प्रेम आचार्यजस्तै स्वदेशमै केहि गरौं भन्ने युवाको सपना माथि तुसारापात हुनेछ र एउटा युगको अन्त्य हुनेछ ।

# वर्गीय मुक्तिको वैचारिक आधारले दलितलाई के दियो ?



हिरा विश्वकर्मा

नेपालको प्रजातान्त्रिक आन्दोलनभन्दा पुरानो दलित आन्दोलन हो भनेर हामी गर्व गर्छौं । नेपाल प्रजा परिषदले आन्दोलन सुरु गर्नुअघि, १९९७ सालमै बागलुङका भगत सर्वजित विश्वकर्माले दलित अधिकारको कुरा सुरु गरेका थिए ।

यससम्बन्धी प्रथम सम्मेलन भारतको गोरखपुरमा भएको थियो ।

सम्मेलनमा सुनारको पेसा गरेर बस्ने विश्वकर्माहरुको बाक्लो उपस्थिति थियो । निरंकुश पञ्चायती व्यवस्थामा नेपालका अन्य कुनै पनि सामाजिक आन्दोलन सक्रिय थिएन तर दलित आन्दोलन सांगठनिक रुपमै अघि बढेको थियो ।

परिणामस्वरुप २०२० सालमा जंगबहादुर राणाको पुरानो मुलुकी ऐन खारेज गर्दै नयाँ मुलुकी ऐन आएको थियो । यो ऐनले दलितलाई कानुनी समानता दिएको थियो ।

अहिले हामी गणतान्त्रिक व्यवस्थामा छौं । अहिलेको हाम्रो सर्वोच्च उपलब्धि संविधानमा दलितका लागि दुइटा मौलिक हकको व्यवस्था हुनु हो ।

संविधानको धारा ४२ ले समानुपातिक समावेशिता र सामाजिक न्यायको हक सुनिश्चित गरेको छ । यो हक दलितका लागि महत्वको छ । यति महत्वपूर्ण संवैधानिक व्यवस्था भए पनि अहिलेको अवस्थामा दलितको उपलब्धि बढोत्तरीको साटो पश्चगमनतर्फ जाँदै छ । पञ्चायतकालमा राजाले एक जना राष्ट्रिय पञ्चायत सदस्य र कहिलेकाहीं एक जना सहायक मन्त्री बनाउँथे ।

अहिलेको गणतन्त्रकालमा 'महान जनयुद्ध' का कमान्डर पुष्पकमल दाहाल 'प्रचण्ड' को मन्त्रिमण्डलमा पञ्चायतकालकै प्रवृत्ति पुनरावृत्ति भएको छ । एक जनाले राज्यमन्त्री पद पाएकी छन् ।

उनले 'ठकुरी' थर लेख्ने भएकाले उनी साँच्चै दलित हुन् कि होइनन् भनेर प्रश्न गर्नुपर्ने भएको छ । उनलाई दलित नमान्ने हो भने वर्गीय र जातीय मुक्तिको नारा लगाएर 'महान क्रान्तिकारी' भन्दै दलितको समेत बलिदानी लिएको माओवादी सुप्रिमोको नेतृत्वमा रहेको वर्तमान मन्त्रिमण्डल दलित सदस्यविहीन देखिन्छ ।

गत मंसिरमा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा चुनावको नतिजामा २७५ सांसदमध्ये जम्मा १५ जना दलित छन् । यो उपस्थिति साढे पाँच प्रतिशतभन्दा पनि कम हो ।

प्रदेश सभाका कुल ५५० सदस्यमध्ये ३४ जना दलित छन् जो ६ प्रतिशत मात्रै हो ।

संविधानको धारा ४२ को समानुपातिक समावेशी सिद्धान्तलाई आधार मान्दा दलितको उपस्थिति आधाभन्दा पनि कम छ । प्रदेश सभाका मन्त्रीहरुको सूची हेर्दा गण्डकीमा एक जना दलित सदस्य मन्त्री भएकी छन् । समावेशीका तीन 'प' को सिद्धान्त 'पहिचान, प्रतिनिधित्व र पहुँच' हेर्दा यो उपस्थितिमा सन्तोष मान्ने ठाउँ छैन ।

प्रतिनिधित्व घटे पनि दलितका लागि स्रोतसाधन बढेको भए थोरै सन्तोष मान्न सकिन्थ्यो । त्यो पनि छैन ।

तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले आफ्नो कार्यकक्षमा हामी दलित अधिकारकर्मी तथा केही राजनीतिक नेताहरुलाई बोलाएर दुई घन्टा छलफल गरे तर हाम्रा लागि उपलब्धि शून्य भयो ।

अहिलेका अर्थमन्त्री विष्णु पौडेलले पूरक बजेट ल्याउने पहल गरेका छैनन् । यसकारण दलितका लागि चाँडै केही नयाँ उपलब्धिको काम हुन्छ भनेर आशा गर्ने ठाउँ छैन ।

राज्य र राजनीतिक पार्टीहरुका व्यवहार निरन्तर पश्चगामी हुँदा पनि दलित आन्दोलन रमिते बनेर बसेको छ । यही स्थिति रहने हो भने हालको अधिकार पनि निष्क्रिय हुँदै जान सक्छ र अन्ततः गुम्न पनि सक्छ । अहिले नेपालको दलित आन्दोलन सशक्त वैचारिक धार नभएर भुत्ते शिथिल र दिशाहीन भएको छ ।

दलितहरुको ठूलो तप्काले वर्गीय मुक्तिसँगै आफ्नो मुक्ति देखेको छ तर त्यो वर्गीय मुक्तिले कसको मुक्ति गर्दै छ भन्ने सामान्य विश्लेषण पनि गरेको छैन ।

एउटा वर्गीय मुक्तिको सपना देखाउने नेता पशुपतिमा जलहरी चढाउँछन्, प्रधानमन्त्रीको सरकारी निवासमा 'सम्मेलन' गर्छन् । धन्न हामीले पौडीखेलमा आरक्षण दिएका छैनौं, नत्र सबै डुबेर मर्थे पनि भन्छन् ! भौतिकवादी कम्युनिस्ट सिद्धान्तको जप गर्ने ती नेताले हालै एउटा अन्तर्वार्तामा धार्मिक र सांस्कृतिक पहिचानको वकालत गरेका छन् ।

अर्का 'वर्गीय मुक्तिदाता' ले करिब ११५० दलितको सहादत लिएर वर्गीय मुक्तिसँगै उनीहरुको पनि जातीय मुक्ति हुने सपना बाँडेका थिए । तिनै नेता वर्गीय मुक्तिको कुरा छाडेर भैंसीपूजा, एकल जातीय नश्लवादको पक्षपोषण र ज्योतिषीय साइतमा रमाउन थालेका छन् । तिनै नेता राज्यका लाभका पदहरु आफन्तो परिवारका सदस्यहरुलाई बाँड्दै छन् ।

उनीहरुबाट दलित मुक्तिको के आशा गर्नु ! मैले यो लेख तयार पार्ने क्रममा विभिन्न पार्टीहरुमा भएका दलित समुदायका नेताहरुलाई सोधेको थिएँ– तपाईंहरुका दलित भ्रातृ संगठनमा कति दलितहरु आबद्ध होलान् ?

नेकपा एमालेसम्बद्ध 'जातीय मुक्ति समाज' का एक नेताले देशभर ७७ जिल्ला र वडा तहमा समेत संगठित दलितहरु ७५ हजार जति रहेको बताए ।

एमालेबाट छुट्टिएर बनेको नेकपा एकीकृत समाजवादी पार्टीको 'दलित मुक्ति संगठन' का एक नेताले आफ्नो संगठन ६३ जिल्लामा रहेको र ६ हजार सदस्य रहेको बताए ।

राष्ट्रिय जनमोर्चाको 'जातीय समता समाज' मा सात हजार प्रतिबद्ध दलित सदस्य रहेको एक नेताले बताए । उनका अनुसार जनमोर्चाको संगठनको करिब एकतिहाई आधार दलित समुदाय नै हो ।

माओवादी केन्द्रका एक नेताका अनुसार आठ लाख सदस्यमध्ये दुई लाख अर्थात २५ प्रतिशत दलित छन् ।

नेपाली कांग्रेसका एक नेताका अनुसार पार्टीको 'नेपाल दलित संघ' मा करिब ४० हजार सदस्य छन् ।

यसरी हेर्दा मूलधारका राजनीतिक पार्टीहरुमा आबद्ध दलितहरु दुई तिहाईभन्दा बढी वामपन्थी वा कम्युनिस्ट विचारधाराका देखिन्छन् । यसको मतलब उनीहरुको वैचारिक आधार वर्गीय मुक्ति हो । वर्गीय मुक्तिसँग दलितको मुक्ति देख्ने यो ठूलो तप्कालाई म सोध्न चाहन्छु– यो वैचारिक आधारले दलितलाई के दियो ?

वर्गीय मुक्तिको कुरा गर्ने पार्टीहरु निरन्तर सत्तामा छन् । सत्तामा रहँदा यिनीहरुले नीतिगत, संरचनागत र बजेटका आधारमा दलित उत्थानका लागि कुनकुन क्षेत्रमा के के काम गरे ?

बरु उदार लोकतन्त्रको वकालत गर्ने नेपाली कांग्रेसले दलितका लागि केही संरचनागत तथा नीतिगत कामहरु गरेको छ ।

यसको उदाहरणका रुपमा दलित विकास समिति र दलित आयोगलाई लिन सकिन्छ ।

कांग्रेस नेतृत्वमा सरकार र डा. जगदीशचन्द्र पोखरेल योजना आयोगमा हुँदा नवौं, दसौं र एघारौं योजनामा दलितका लागि छुट्टै नीति तथा कार्यक्रम र रणनीति बनाएका थिए । दसौं र एघारौं योजना बन्दा म पनि सम्मिलित थिएँ । यसको मतलब नेपाली कांग्रेसले दलितको मुक्ति गर्छ भन्न खोजेको होइन ।

कांग्रेसले गएको प्रतिनिधि सभा चुनावमा प्रत्यक्षतर्फ एक सिटमा पनि दलित उम्मेदवार उठाएन । समानुपातिमा मात्र दलित सांसदहरु छनोट गऱ्यो । कांग्रेसले पनि सामान्य सुधारात्मक कामबाहेक दलित मुक्तिका कुनै काम गर्ने छाट छैन । यस्तो अवस्थामा अबको दलित आन्दोलनको कार्यदिशा के हुने भन्ने टड्कारो प्रश्न छ ।

लोकतन्त्रमा भोट सबैभन्दा ठूलो हतियार हो । भोट नै वैधानिक शक्ति निर्माणको सबैभन्दा ठूलो माध्यम हो ।

वर्गीय मुक्तिको कुरा गर्नेले जातीय पार्टीको समर्थन गर्दैन । उदार लोकतन्त्रको कुरा गर्नेले पहिचानको कुरामा केही समर्थन गरे पनि छुट्टै राजनीतिक शक्ति बनाउन साथ दिँदैन ।

लोकतन्त्र सबैका लागि हो र भोटलाई शक्तिको आधार बनाउने हो भने त्यसैमा टेकेर एउटा बलियो राजनीतिक शक्ति निर्माण गर्नुको विकल्प छैन ।

मधेसी पार्टीहरुले आफ्नो समुदायका लागि के गरे भन्ने छुट्टै छलफलको विषय भए पनि अहिले नेपालको सत्ता मधेसी शक्तिलाई उपेक्षा गरेर टिक्दैन ।

जनसंख्याको ६ प्रतिशत रहेको थारुले जनजातिभित्रको अधिकारले नपुगेर थारु आयोग प्राप्त गरेको छ । अब नागरिक उन्मुक्ति पार्टीमार्फत थारु समुदाय सत्ताको खेलाडी पनि ...बाँकी पृष्ठ ३ मा

# सुनगाभा शिक्षा निकेतन

**हेटौंडा-६, चौघडा**






## सहुलियत र गुणस्तरीय शिक्षाको परिकल्पनासँगै सुनगाभा



**बासुदेव अधिकारी**
**संस्थापक अध्यक्ष**

हेटौंडा-६, चौघडा क्षेत्र साविक हेटौंडा नगरपालिकाको पिछडिएको क्षेत्रको रुपमा रहेको थियो । यस क्षेत्रमा राम्रा शैक्षिक संस्था थिएनन् । सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढ्न नसकेको र निजी विद्यालयका लागि हेटौंडा बजारको मुख्यक्षेत्रमै आफ्ना बाबुनानीलाई पठाउनुपर्ने अवस्था थियो । यस्तो पृष्ठभूमिमा हामीले चौघडा क्षेत्रमै सहुलियत दरमा गुणस्तरीय शिक्षालाई सुनिश्चित गर्ने उद्देश्यले परिकल्पना गरेको विद्यालय हो सुनगाभा शिक्षा निकेतन ।

सरकारले नीति ल्याउनुभन्दा पहिले नै हामीले सहकारीको अवधारणामा सुनगाभा विद्यालय सञ्चालनमा ल्याएका हौं । हामीले विद्यालय सञ्चालन गर्नुअघि विद्यालयको आवश्यकता पहिचान गऱ्यौं । विद्यालयको आवश्यकताको पहिचान गर्न चौघडा बजार क्षेत्र र सम्भावित क्षेत्रहरु सबैलाई समेट्ने गरी प्रश्नावली तयार पारी उत्तर संकलन गरेका थियौं । जसबाट सबै अभिभावकहरुको भावना हामीलाई प्राप्त भयो । यसले हामीलाई सुरुवाती काम गर्ने हौसला मिल्यो ।

विद्यालय संचालनको समयमा सहकारीलाई बोर्डिङ चलाउन दिने अवधारणा थिएन । व्यक्तिलाई कसैले नपत्याउने भएर पैसा जुगाड गर्न सहकारी मार्फत् गर्ने निर्णय गऱ्यौं । जनकल्याण सहकारीमा मैले भूमिका निर्वाह नै गरिसकेको भएर पनि साथीहरुले मलाई विश्वास गरें । सोही अनुसार त्यसको जिम्मेवारी मलाई दिइयो । बैशाखमा हामीले छलफल गरेर विद्यालय संचालन गर्ने निर्णयमा पुगेका थियौं । जेठमा त घर भाडामा लिएर पढाई नै सुरु भयो । हामीले निकै छोटो समयमा विद्यालयको सुरुवात गर्न सफल भयौं । हाम्रो प्राथमिकता भनेको चौघडा क्षेत्रका अभिभावकलाई अलि सहज होस् भन्ने रह्यो । त्यति बेला विद्यालयमा अभिभावकको थोरै मात्र विश्वास थियो । अलि धेरै पत्याएको भए अलि धेरै जग्गा लिएर विद्यालय संचालन गर्न सकिन्थ्यो ।

हाम्रो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको हकमा शेयर सदस्यसँगै बाहिरका विद्यार्थीहरु धेरै छन् । अन्य नीजि विद्यालयको तुलनामा हाम्रो विद्यालयमा सहुलियत छ । विद्यार्थीको शुल्कमा ३५ प्रतिशत जति कम छ । हामीसँग राम्रा पक्षहरु हुँदा-हुँदै पनि केही चुनौतिहरु छन् । हामीले विद्यालय संचालन गरेको २२ वर्ष भयो तर, अहिले पनि सबैलाई विश्वास दिलाउन सकेका छैनौं । यहाँका विद्यार्थीलाई हेटौंडा बजार जानबाट रोक्न सकिएको छैन । तर, हेटौंडा बजारबाट पनि हामी कहाँ पढ्न आउँछन् । यसले केही हौसला बढाउँछ । पढाईको क्षेत्रमा विद्यार्थीको नतिजा निकै राम्रो छ । हेटौंडा बजारको चलेको विद्यालयको तुलनामा हाम्रो विद्यालयको शैक्षिक गुणस्तर राम्रो छ । अहिले भौतिक सुधारमा केही फड्को मार्न सकेका छौं । अब सेवा पनि विस्तार गर्ने योजना छ ।

## विद्यार्थीको सर्वाङ्गीण विकास नै हाम्रो लक्ष्य



**अरुण पराजुली**
**प्रिन्सीपल**

शैक्षिक उन्नयनमा अत्तिरिक्त क्रियाकलापको महत्व हुन्छ । हाम्रो सुनगाभा शिक्षा निकेतन २०५७ सालमा स्थापना भएको हो । सहकारीको अवधारणामा सामुदायिक संस्थाको रुपमा समाजका शिक्षाप्रेमी व्यक्तित्वहरुको समूहले स्थापना गरेको यो विद्यालय यस क्षेत्रको अग्रणी विद्यालयको रुपमा रहेको छ ।

हामीले विद्यालयको पठनपाठनलाई कक्षा-कोठामा मात्र सीमित नराखी विद्यार्थीको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलापको रुपमा खेलकुद प्रतियोगिताको आयोजना गर्ने गरेका छौं । यसैसन्दर्भमा यो वर्ष हामीले सोमबार, मंगलबार र बुधबार तीन दिवसीय कार्यक्रमको रुपमा खेलकुद प्रतियोगिता आयोजना गऱ्यौं ।

विद्यार्थीहरुमा खेलकुदको माध्यमबाट सकारात्मक उर्जा भर्ने, विद्यार्थीहरुलाई सामाजिक बनाउने र मनोवैज्ञानिकरुपमा सवल बनाउने हाम्रो प्रयास सधैं रहन्छ । र यसको प्रत्यक्ष प्रभाव विद्यार्थीमा परेको महसुस हामीले गरेका छौं । यस प्रकारका क्रियाकलापले विद्यार्थीहरु शारीरिक, मानसिक र सामाजिक रुपमा सवल र स्वस्थ रहने र शैक्षिक क्षेत्रमा उन्नति प्रगति गर्न सक्ने देखिन्छ । हामी हाम्रा अभिभावकलाई उहाँहरुको बालबालिकाको सर्वाङ्गीण विकास गराई उच्च शिक्षा अध्ययन गर्ने क्रममा अब्बल विद्यार्थीको रुपमा समुदायमा स्थापित गराउने प्रयासमा छौं । हामीलाई विश्वास छ हाम्रो यो प्रयासमा अभिभावक वर्ग सदैव सहयोगी भूमिकामा रहनुहुनेछ ।

## हार्दिक आभार

सुनगाभा शिक्षा निकेतनको तीन दिवसीय खेलकुद उत्सवमा सहभागी हुनुहुने सम्पूर्ण विद्यार्थी वर्गमा हार्दिक आभार व्यक्त गर्दछौं । खेलकुद उत्सव आयोजनाका लागि शिक्षक, कर्मचारी वर्गको अग्रसरता, अभिभावक वर्गको सहयोग, सञ्चालक समितिका पदाधिकारीको अभिभावकत्व हाम्रा लागि सदैव उर्जाका स्रोत हो । यस वर्षको खेलकुद उत्सव सफलताका साथ सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्णमा आभार व्यक्त गर्दछु ।

**अरुण पराजुली**
**प्रिन्सीपस, सुनगाभा शिक्षा निकेतन**
**हेटौंडा-६, चौघडा**

## स्कुल पठाउ है आमा



**सज्जित लामिछाने**
**कक्षा-७**

बेला हो सिक्ने ज्ञान
कलम कापी च्यापेर
साथीसँग हाँसेर
बेला हो सिक्ने ज्ञान ।

समय मै पढौं साथी हो
भोलि पुग्नु छ माथि हो
मिहिनेत गरौं पढ्न गुन्नलाई
छैन गाह्रो असल बन्नलाई
बेला हो सिक्ने ज्ञान ।

नयाँ नयाँ कुरा सिक्दै
झोलाबाट किताब झिक्दै
कक्षाकार्य, गृहकार्य गर्छौं
शिक्षकको सल्लाह मान्छौं
बेला हो सिक्ने ज्ञान ।

आपस आपस मिलेर
टिफिनको खाजा लिएर
चौरमा दौडँदै
साथीसँग रमाउँदै
बेला हो सिक्ने ज्ञान ।




## शिक्षकका प्रेरक व्यवहार



**अनिता तिमल्सिना**
**अभिभावक**

२० वर्षदेखि हाम्रो क्षेत्रमा यस सुनगाभामा शिक्षा निकेतनले विद्यार्थीलाई सहुलियत दरमा उच्चस्तरीय शिक्षा प्रदान गरिरहेको छ । मेरी छोरी अनुश्रिया ५ कक्षामा र छोरा रोविन १ कक्षामा अध्ययनरत छन् । म नियमित रुपमा विद्यालयमा कम्तीमा महिनाको दुईपटक शिक्षकहरुसँग भेटघाट गर्न गइरहेको छु र उहाँहरुको अभिभावकप्रति गर्ने व्यवहार सकारात्मक र प्रेरक पाएको छु ।

मेरो घर र विद्यालय नजिकै भएकोले र शिक्षकहरु पनि चिनजानकै भएकाले मेरो नानी-बाबुको पढाइमा थप टेवा पुगेको छ । यस सुनगाभा शिक्षा निकेतनले अभिभावकहरुसँग राम्रो सम्बन्ध राख्न सक्षम भएकाले हामीलाई आफ्ना छोराछोरीको शिक्षाप्रति कुनै चिन्ता गर्ने नपर्ने भएको छ । यहाँ समय-समयमा विद्यार्थीहरुलाई हौसला दिनका लागि खेलकुद पनि गर्ने गरेको छ । यसबाट विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलाप पनि थप सहयोग भएको छ ।

सुनगाभा शिक्षा निकेतनबाट एसईई उत्तीर्ण विद्यार्थी डाक्टर, ईन्जिनियर, कर्मचारी, उद्यमी, व्यवसायी बन्न सफल भएका उदाहरणहरु धेरै नै छ । शिक्षक वर्गले पनि विद्यार्थीको मानसिकतालाई बुझेर उनीहरुलाई हौसला दिलाएर साथीको जस्तो व्यवहार गरी अध्ययन गराइदिनु होला र अझै हाम्रो क्षेत्रको विकासमा थप सहयोग पुऱ्याउँनु हुनेछ भन्ने आशा पनि छ । वार्षिक खेलकुद कार्यक्रमको अवसरमा सम्पूर्ण अभिभावकको तर्फबाट विद्यालय परिवारलाई धन्यवाद भन्दै आगामी दिनमा बालबालिकाको समग्र विकासमा सहयोग पुग्ने थप आकर्षक क्रियाकलाप गराउन आग्रह समेत गर्दछु ।

## समयानुकूल अतिरिक्त क्रियाकलाप



**सरोज लामिछाने**
**अभिभावक**

विद्यालय बालबालिकाको दोस्रो घर हो, पाठशाला हो । हाम्रा दुई छोरा सज्जित (कक्षा-७) र स्वीकृत (कक्षा-४) का लागि सुनगाभा शिक्षा निकेतन दोस्रो घर हो, पाठशाला हो । विद्यालय तहको शिक्षा उच्च शिक्षाको आधार हो । बालबालिकाहरु भनेको काँचो माटो नभई सम्भावनाका खानी हुन् । विद्यालयको भूमिका भनेको उनीहरूमा रहेको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन वातावरण प्रदान गर्नु हो ।

शिक्षण सिकाई भनेको किताबी ज्ञान मात्र होइन भन्ने मनन् गरी सुनगाभा शिक्षा निकेतनले बालबालिकालाई पाठ्यपुस्तकको विषय-वस्तुलाई वास्तविक जीवन परिवेश र प्रविधिसँग जोडेर शिक्षण सिकाई गर्दै आइरहेको छ । यसको साथै बालबालिकामा रहेको व्यक्तिगत विभिन्नता अनुरुप विविध क्रियाकलाप सञ्चालन गर्दै उनीहरूको सर्वाङ्गीण विकास गराउन विद्यालय अग्रसर रहेको पाइन्छ ।

विद्यार्थीको चौतर्फी विकास गराउँदै अहिलेको वर्तमान विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति निर्माणको लागि विद्यालय तल्लो तहदेखि समयानुकूल अतिरिक्त क्रियाकलापमा स्थान दिन सक्रिय देखिन्छ ।

खेलकुदले बालबालिकामा शारीरिक, मानसिक र सामाजिक पक्षको विकास गराई सिकाइलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछ । नर्सरीदेखि कक्षा १० सम्म नै उनीहरूको उमेर, क्षमता र रुचि अनुसार फरक-फरक खेल विधामा सहभागी गराएर उनीहरूमा अनुशासन, सहकार्यको साथै सकारात्मक प्रतिस्पर्धाको भावना विकास गराई सिकाई उपलब्धिमूलक बनाउन सहयोग गर्दछ ।

# अभिभावकविहीन २३ जना विद्यार्थीलाई नगद सहयोग



समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा अभिभावकविहीन बालबालिकाको तथ्यांक संकलन गरिएको छ । गाउँपालिकामा २३ जना अभिभावकविहीन बालबालिका रहेको बालमैत्री सहजकर्ता हस्तराम नेगीले जानकारी दिनुभयो ।

गाउँपालिकामा आमाबुबा नै बेपत्ता भएका २ जना बालबालिका रहेका छन् । बाबुआमाको नै मृत्यु भएको ९ जना बालबालिका रहेको नेगीले बताउनुभयो । यस्तै, बाबुको मृत्यु र आमा बेपत्ता भएका ११ जना बालबालिका रहेको र एक जना बालकको बाबु बेपत्ता र आमाको मृत्यु भएको नेगीले जानकारी दिनुभयो ।

अभिभावकविहीन बालबालिका कक्षा २ देखि १० सम्म अध्ययन गर्ने गरेको उहाँले बताउनुभयो । गाउँपालिकाले अभिभावकविहीन बालबालिकालाई पठनपाठन र जीवनयापनमा सहयोग गर्ने उद्देश्यले तथ्याङ्क संकलन गरेको बताइएको छ ।

कैलाश गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टले भन्नुभयो, 'अभिभावकविहीन बालबालिकाको संरक्षक वा नातागोता हुन्छन् । उनीहरुको उपस्थितिमा बालबालिकालाई पठनपाठनसँगै दैनिक जीवनयापनका लागि रकम नै सहयोग गर्ने कार्यक्रम रहेको छ ।' सामाजिक विकास मन्त्रालयको सशर्त अनुदानको कार्यक्रमअनुसार ६ लाख रुपैयाँ बजेट गाउँपालिकालाई प्राप्त भएको उहाँले जानकारी दिनुभयो । मन्त्रालयअन्तर्गतको कार्यक्रम रहेकाले यो कार्यक्रममा बालबालिकालाई रकम नै हस्तान्तरण गरिने उहाँको भनाई छ ।

प्रत्येक महिना प्रतिविद्यार्थी २ हजार रुपैयाँको दरले रकम सहयोग गर्ने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो । बालबालिकालाई चौमासिकरुपमा रकम वितरण गर्ने उहाँले बताउनुभयो । चालु आर्थिक वर्षमा दुई चौमासिकको रकम केही समयमा नै बालबालिकालाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत विष्टका अनुसार गाउापालिकाबाट वितरण गरिने रकम लिनको लागि विद्यार्थीहरुले बैंक खाता खोल्नुपर्ने हुन्छ । संरक्षकलाई सहज होस् भनेर कार्यक्रम सञ्चालन गरिन लागेको उहाँले बताउनुभयो ।

कैलाश गाउँपालिकामा ४९ वटा सामुदायिक विद्यालय रहेको गाउँपालिकाका प्राविधिक सहायक दीपेन्द्र अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकामा ६ वटा माध्यमिक विद्यालय, ४ वटा कक्षा ८ सम्म अध्यापन हुने आधारभूत विद्यालय र ३९ वटा कक्षा ५ सम्म अध्यापन हुने आधारभूत विद्यालय रहेका छन् । गाउँपालिकामा ६ हजार ३ सय ४० जना बालबालिका विद्यालयमा अध्ययनरत रहेको उहाँको भनाई छ । कैलाश गाउँपालिकामा ४ प्रतिशत विद्यार्थीले बीचमै पढाई छाड्ने गरेका छन् ।

# हेटौंडामा ८८ कन्याको सामूहिक बेलविवाह सुरु



समाज संवाददाता

हेटौंडाः हेटौंडामा ८८ कन्याको सामूहिक बेलविवाह कर्म सुरु भएको छ । बुधबार र बिहीबार दुईदिन हेटौंडा-१० मा एउटै जज्ञमा सामूहिक बेलविवाह कर्म हुनेछ । नेवारी समुदायमा रजश्वला हुनुअघि कन्याको बेलविवाह गर्ने प्रचलन छ ।

मौलिक परम्परा, संस्कारअनुसार बेलविवाह गर्न एउटा परिवारलाई असहज हुनुका साथै गुरु पुरोहितको समेत अभाव हुने अवस्था देखिएपछि हेटौंडामा २०२९ सालदेखि सामूहिक बेलविवाह कर्म हुँदै आएको छ । हेटौंडामा सामुहिक बेलविवाह गुठी नै स्थापना गरिएको छ । काभ्रे जिल्लाबाट गुरुबा, गुरुआमासहित सहायक गुरुहरुले सामूहिकरुपमा बेलविवाह गराउने छन् । हेटौंडामा हुने सामूहिक बेलविवाहमा मकवानपुर जिल्लाका मात्रै नभई छिमेकी चितवन, बारा, पर्सा, रौतहटका कन्यालाई समेत परिवारले सहभागी गराउने गरेका छन् ।

## वर्गीय मुक्तिको...

बनेको छ । यता १४ प्रतिशत जनसंख्या ओगटेको समुदाय वर्गीय मुक्ति वा उदार लोकतन्त्रको कुरामा अल्झिएर बस्दा अहिलेसम्म पाएको अधिकार पनि गुम्दै जानेछ ।

यसो हुन नदिन जनजाति, मधेसी, पिछडा वर्ग, मुस्लिम र दलितको संयुक्त मोर्चा बनाएर अगाडि बढ्न आवश्यक छ । यसो गर्न सके सत्ता र शक्ति हाम्रो हातमा पनि आउने निश्चित छ । अन्य समुदायसँगको सशक्त मोर्चा नबनुन्जेल दलितकै मोर्चा बनाएर पनि अघि बढ्नुको विकल्प छैन ।

*(स्रोतः सेतोपाटी)*

# ॐ वृद्धाश्रममा पुसमा २१ जनाको सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१, चौकीटोलमा रहेको ॐ वृद्धाश्रममा पुस महिनामा २१ जनाले सहयोग गरेका छन् । जन्मदिन, विवाह वर्षगाँठ, तिथि, वार्षिकोत्सवमा व्यक्तिगत तथा संस्थागतरुपमा आश्रमलाई सहयोग प्राप्त हुने गरेको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जानकारी दिनुभयो ।

आश्रमलाई पुस महिनामा ९९ हजार ४ सय १६ रुपैयाँ सहयोग प्राप्त भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, 'आश्रमलाई एक छाक खाना, विभिन्न उत्सव, आजीवन सदस्यका लागि सहयोग आउने गरेको छ । यसरी आएको सहयोग पुसमा करिब एक लाख रुपैयाँ प्राप्त भएको छ ।' आश्रमको सञ्चालन र व्यवस्थापन स्थानीयको सहयोगबाट हुने गरेको उहाँले बताउनुभयो ।

आश्रमलाई प्राप्त हुने खाद्यान्न सामान, लत्ताकपडा, दानबाट नै आश्रमको व्यवस्थापन भइरहेको उहाँले स्पष्ट पार्नुभयो । निरन्तर आम्दानीको स्रोत नभएकाले सहयोगदाताहरुको सहयोगमा नै आश्रम सञ्चालन भइरहेको उहाँको भनाई छ । आश्रममा हाल ८ जना आमा र १७ जना बुबा गरी २५ जना आश्रित रहेका छन् । आश्रममा स्वास्थ्य सेवाका लागि एक जना नर्स, सरसफाइका लागि एक जना महिला र एक जना पुरुष आवश्यक रहेको उहाँले बताउनुभयो ।

# दुर्घटना एकजना घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर ९ मा मंगलबार राति ९ बजेर ५० मिनेटको समयमा सवारी दुर्घटना हुँदा एक जना गम्भिर घाइते भएका छन् । पूर्व-पश्चिम राजमार्गको सडकखण्डमा बागमती प्रदेश ०३-००१ ख १०९२ नम्बरको टेलर ट्रक बिग्रिएर सडक छेउमा रोकिराखेको अवस्थामा चितवनतर्फबाट हेटौंडातर्फ जाँदै गरेको ना ६४ प ७५७२ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको थियो ।

मोटरसाइकल अनियन्त्रित भई टेलरको पछाडि ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक गम्भिर घाइते भएका छन् । अन्दाजी २५ वर्षीय घाइते चालकको नाम, ठेगाना नखुलेको प्रहरीले जनाएको छ । उनको टाउकोमा गम्भिर चोट लागेर उपचारका लागि भरतपुर पठाइएको प्रहरीले जनाएको छ ।

दुबै सवारी साधन र ट्रक चालक प्रहरीको नियन्त्रणमा रहेको छ । घटनास्थलमा इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी सहायक निरीक्षक राजकुमार घलेको कमाण्डमा प्रहरी टोली खटिएको थियो ।


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७








## श्री कालिका माध्यमिक विद्यालय

बकैया गाउँपालिका-२, तीनभङ्गाले दोभान
मकवानपुर

### शिक्षक आवश्यकता

*सूचना प्रकाशित मिति २०६९/१०/१२ गते*

प्रस्तुत विषयमा यस विद्यालयको नि.मा.वि गणित राहत अनुदान कोटामा (२०७९/१०/०९ गतेको च.न. ६६५ को पदपुर्ति अनुमतिपत्र) गणित विषयको शिक्षक तथा रिक्त मावि संघीय अनुदान तृतीय श्रेणीको कोटामा अंग्रेजी विषयको शिक्षक आवश्यक परेकाले बकैया गाउँपालिकाबाट मिति २०७९/१०/०५ गतेको च.नं. १७९३ को पदपुर्ति अनुमतिपत्र प्राप्त भएकोले उक्त रिक्त रहेको मावि अनुदान (करार) कोटामा पदपुर्ति गर्नका लागि इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपसिल**

**१) विज्ञापन नं.: ०१/२०७९/०८०**
२) पदः शिक्षक (करार)
३) पद संख्याः १ (एक)
४) तह/श्रेणीः मावि तृतीय श्रेणी ।
५) विषयः अंग्रेजी ।
६) शैक्षिक योग्यताः अंग्रेजी विषयमा स्नातक तह उत्तीर्ण गरेको ।

**२) विज्ञापन नं.: ०२/२०७९/०८०**
७) पदः शिक्षक (राहत)
८) पद संख्याः १ (एक)
९) तह/श्रेणीः निमावि तृतीय श्रेणी
१०) विषयः गणित
११) शैक्षिक योग्यताः गणित विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको ।
१२) उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
१३) तलब, भत्ता, सुविधाः नेपाल सरकारको प्रचलित नियम बमोजिम ।
१४) दरखास्त दस्तुरः रु २,०००/-
१५) परीक्षाको किसिमः लिखित तथा अन्तरवार्ता ।
१६) दरखास्त बुझाउने अन्तिम मितिः २०७९/१०/२५ गते कार्यालय समयभित्र ।
१७) सम्पर्क मितिः २०७९/१०/२६ गते कार्यालय समयभित्र ।

**१८) पेश गर्नुपर्ने कागजातहरुः**
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि ।
- स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

१४) परीक्षा मितिः सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।

नेटः- लिखित परीक्षामा सफल परीक्षार्थीले अन्तरवार्तामा उपस्थित हुँदा अनिवार्य रुपमा सक्कल प्रमाणपत्रहरु लिई आउनुपर्नेछ । (प्रतिलिपि कागजपत्रहरु नोटरी पव्लिकबाट प्रमाणित भएको हुनुपर्ने)

**सम्पर्कः**
९८६८८२८८०२ (प्र.अ) ९८५५०८७०७० (स.प्र.अ) ९८६९२९०१४८ (वि.व्य.स.अ.)

**प्रधानाध्यापक**



## सिद्धस्थली रुरल कम्यूनिटी हस्पिटल

हेटौंडा-६, मकवानपुर

### कोटेशन अव्हान सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति २०६९/१०/१२ गते*

यस सिद्धस्थली रुरल कम्यूनिटी हस्पिटलका लागि तल उल्लेखित सामग्रीहरु आवश्यक भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त आधिकारिक आपूर्तिकर्ताहरुबाट सिलबन्दी कोटेशन अव्हान गरिएको छ ।

कोटेशन बुझाउने अन्तिम मिति २०७९/१०/२२ गते दिनको १ बजेसम्म यस अस्पतालको केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

**सामग्रीहरूको सूची**

1. Electrical wires: 0.75, 1, 1.5, 2.5, 4, 25 sq mm FRLS
2. Distribution Box (12 Way TPN), Switches, Power Socket, Fan
3. Pure Copper CAT6, 2 pair Telephone Wire
4. Earthing Protection System (Copper Bonded Rod 17mm, 3 meter and other accessories)
5. Transformer 150 KvA
6. Floor Tiles (Ivory, Vetrified Heavy duty- 2X2), Bathroom Tiles (1X2 and 1X1)
7. Granites (Chima Pink, Fish Black, S White, Corporate Brown, Copper Gold)
8. Plumbing- PVC and CPVC Pipe and Fittings
9. False Ceiling Board (8mm), T Grid and Black Line
10. Steel Products (8, 10, 12 mm Rod, Angle, Patti, 4" MS pipe heavy and fittings)
11. Stainless Steel (2" and 1" round, 1.5 square)
12. Alumunium Section (90 series, 1.2 mm thickness, Ivory)
13. Polycarbonated sheet (3mm, 2mm)
14. Glass (5mm, green/reflective/frosted)
15. Paints (Wall Putty, Primer, Emulsion)

थप जानकारीका लागि www.siddhasthalihospital.org/tender-quotations/ मा हेर्न सक्नुहुनेछ ।

**सिद्धस्थली रुरल कम्यूनिटी हस्पिटल**
केन्द्रीय कार्यालय, हेटौंडा-६
फोन नं.: ९८४३१८२७२८


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ